# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः–३९ २०६३ असोज – कार्तिक अङ्क :– २


## स्नातकोत्तर तहमा द्वन्द्वसम्बन्धी पढाइ थाल्ने तयारी

काठमाडौं । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय डीन कार्यालयले स्नातकोत्तर तहमा 'द्वन्द्व, शान्ति र विकास' विषयक कार्यक्रमसम्बन्धमा आयोजना गरेको २ दिने कार्यशाला गोष्ठी असोज २४ गते सम्पन्न भएको छ ।

त्रिवि तथा श्रीलंकाका रुहुना विश्वविद्यालय र इस्टर्न विश्वविद्यालय गरी ३ वटा विश्वविद्यालयबीच समन्वय गरी दक्षिण-दक्षिण साझेदारीको रुपमा त्रिवि मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत केन्द्रीय विभाग रहने गरी स्नातकोत्तर तहमा संचालन गरिने उक्त विषयको पाठ्यक्रम निर्माणको सिलसिलामा सो गोष्ठी आयोजना गरिएको हो ।

नर्वेको नोराग्रिक विश्वविद्यालयमार्फत त्यहींको दातृ संस्था नोमाको आर्थिक सहयोगमा दक्षिण एसियामा पहिलोपटक त्रिविमा संचालन गर्न लागिएको उक्त अध्ययन अध्यापन कार्यक्रमको पहिलो वर्ष श्रीलंकाका १० विद्यार्थीलगायत ४० विद्यार्थी भर्ना लिइने भएको छ ।

गोष्ठीमा सम्बन्धित पाठ्यक्रम सम्बन्धी ८ वटा कार्यपत्र पेश गरिएको थियो ।

गोष्ठीको प्रारम्भिक सत्रलाई सम्बोधन गर्दै मानविकी डीन प्रा.डा. रमेश कुँवरले द्वन्द्व व्यवस्थापनसम्बन्धी यो पढाइ शुरु गर्न आफ्नो नेतृत्वमा नर्वेको नोराग्रिक विश्वविद्यालय गई सो विश्वविद्यालयका सम्बन्धित शिक्षकहरूका साथै श्रीलंकाका २ विश्वविद्यालयका सम्बन्धित पदाधिकारीहरूसँग छलफल भइसकेको जानकारी दिनुभयो ।

गोष्ठीमा नोराग्रिक विश्वविद्यालयका डा. विशाल सिटौला, श्रीलंकाको रुहुना विश्वविद्यालयका डा. देहीवाला शर्म्मिका, विषय समितिका सदस्यत्रय प्रा.डा. मोहन लोहनी, डा. शौभाग्य शाह र डा. चुडाबहादुर श्रेष्ठ, पूर्व डीन प्रा.डा. त्रिरत्न मानन्धरलगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा संकायका सहायक डीन प्रा.डा. कन्हैयाभक्त माथेमाले स्वागत मन्तव्य र अर्का सहायक डीन डा. शिशिर सुब्बाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।




**मानविकी डीन कार्यालयद्वारा काठमाडौंमा आयोजित द्वन्द्वसम्बन्धी गोष्ठीमा सहभागीहरु ।** *(तस्वीरः त्रिवि सूचना शाखा)*

## भर्ना कार्यक्रम प्रकाशित

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुन र शिक्षाशास्त्र संकायहरू तथा विज्ञान र प्रविधि अध्ययन संस्थानको स्नातकोत्तर तह,प्रथम वर्ष, स्नातकोत्तर डिप्लोमा, एल.एल.बी र एक वर्षे बी.एड. तहमा भर्नाका लागि मंसिर १ गतेदेखि सो महिनाको मसान्तसम्म आवेदन फाराम वितरण गर्ने भएको छ ।

सम्बन्धित डीनहरू र परीक्षा नियन्त्रकको उपस्थितिमा कार्तिक २९ गते बसेको बैठकले गरेको सहमति अनुसार भर्नाका लागि फाराम बुझाउने अन्तिम मिति मंसिर मसान्तसम्म कायम गरिएको छ भने प्रवेश परीक्षा एवम् भर्नासम्बन्धी कार्य सम्बन्धित डीन कार्यालयले आ-आफ्नो सुविधा तथा अनुकूलताअनुसार २०६३ पुस १० गतेभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने छ ।

यी कार्यक्रमहरूको कक्षा संचालन २०६३ पुस ११ गतेदेखि गरिने छ। विज्ञान तथा प्रविधि अध्ययन संस्थान र कानुन संकायले भर्नाको कार्यक्रम यसअघि नै प्रकाशित गरिसकेकाले सोहीअनुसार गर्ने सहमति पनि बैठकमा भएको छ ।

# गणित दिवसको उपलक्ष्यमा गोष्ठी आयोजना

काठमाडौं। त्रिभुवन विश्वविद्यालय गणित केन्द्रीय विभाग र नेपाल गणित समाजद्वारा गणित दिवसको उपलक्ष्यमा आयोजित 'गणितशास्त्र तथा यसका उपयोगिता' विषयक २ दिने गोष्ठीको वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्री मानबहादुर विश्वकर्माले असोज ४ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।




**गणित दिवसको उपलक्ष्यमा कीर्तिपुरमा आयोजित समारोहमा गणितका अग्रणीहरुलाई सम्मान गरिँदै।** *तस्वीरः त्रिवि सूचना शाखा)*

समारोहमा राज्यमन्त्री विश्वकर्माले उक्त केन्द्रीय विभागको विकासमा उल्लेखनीय योगदान गर्नुहुने प्रा.डा. योगरत्न स्थापित र प्रा.डा. शंकरराज पन्तलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

त्यसैगरी सन् २००५ को थर्ड वर्ल्ड एकेडेमी अफ साइन्सेज पुरस्कार प्राप्त गर्नुभएका डा. महेन्द्रप्रसाद पन्थीलाई गणित समाजको तर्फबाट उहाँले उपहारस्वरुप मूर्ति प्रदान गर्नुभएको थियो ।

समारोहका प्रमुख अतिथि राज्यमन्त्री विश्वकर्माले समारोहलाई सम्बोधन गर्दै मुलुकमा अनुसन्धानको वातावरण बनाइ अनुसन्धानकर्मीहरूलाई त्यस कार्यमा लाग्न प्रेरित गर्ने योजनामा आफू लागेको बताउनुभयो ।

विभागीय प्रमुख तथा समाजका उपाध्यक्ष प्रा. यादवप्रसाद कोइरालाले समारोहमा स्वागत मन्तव्य दिँदै एक दर्जन विद्यार्थी र ३ जना शिक्षकबाट त्रिभुवन विश्वविद्यालयमा शुरु भएको गणित विषयको स्नातकोत्तर तहको पढाइ अहिले त्रिविकै विभिन्न ५ वटा क्याम्पसमा संचालन भइरहेको जानकारी दिनुभयो ।

समाजका अध्यक्ष एवम् नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का उपकुलपति प्रा.डा. होमनाथ भट्टराईले गुणस्तरीय पठन पाठनको लागि एउटा आधारभूत आवश्यकताको रुपमा रहेको अनुसन्धान कार्यको गति त्रिविमा मन्द अवस्थामा रहेकोले यसलाई यथाशक्य माथिल्लो प्राथमिकतामा पार्न सबै लाग्नुपर्ने बताउँदै नास्टले विज्ञानका विभिन्न १० विधा विकासका लागि फरक फरक समिति गठन गरेको जानकारी दिनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्रा.डा. विनोदकुमार श्रेष्ठले आजको चुनौतीपूर्ण सूचना संसारमा अंग्रेजी र गणित शिक्षा अत्यन्त महत्वपूर्ण भएको बताउँदै कुनै पनि व्यवसाय विकास गर्न तथा समग्रमा मुलुकलाई नै उत्थान गर्न यी दुई विषयको शिक्षाको भूमिका गहन भएकाले यसलाई जसरी भए पनि लोकप्रिय र व्यापक पार्न आवश्यक रहेको धारणा अघि सार्नु भयो ।

समाजका पूर्व अध्यक्ष एवम् विभागका निवर्तमान प्रमुख प्रा.डा. शंकरराज पन्त तथा प्रा. धुपरत्न वज्राचार्यले पनि आ–आफ्नो मन्तव्य राख्नुभएको सो कार्यक्रमको अन्त्यमा गोष्ठी संयोजक प्रा. प्रकाशमुनि वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## प्रमाणपत्र वितरण

काठमाडौं। त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयद्वारा वैज्ञानिक प्रकाशनसम्बन्धी अन्तर्राष्ट्रिय संजाल(इनास्प) को सहयोगमा संचालित इलेक्ट्रोनिक स्रोतको उपयोगसम्बन्धी ४ दिने कार्याशाला गोष्ठी असोज ६ गते सम्पन्न भएको छ ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. कमलकृष्ण जोशीले गोष्ठीका सहभागीहरुलाई एक समारोहका बीच प्रमाणपत्र वितरण गर्नुभयो ।

सो समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै अध्यक्ष डा. जोशीले विश्व बैंकको सहयोगमा अनुदान आयोगले अहिले दोस्रो चरणको शिक्षा परियोजना शुरु गर्न लागेको र यसले १० जोड २ का साथै त्रिविमा अनुसन्धान कार्यलाई सघाउने विश्वास व्यक्त गर्नुभयो ।

पुस्तकालय प्रमुख कृष्णमणि भण्डारीको सभापतित्वमा सम्पन्न सो समारोहमा नार्कका प्राविधिक अधिकारी मनोजकुमार ठाकुर, इनास्पका सहजकर्ता मार्टिन बेल्चर, पुस्तकालयका उपलाइब्रेरियनद्वय श्रीमती बिना वैद्य र चिरन्जीवी न्यौपानेलगायतले मन्तव्य राख्नुभएको थियो ।

# महाराजगंज क्याम्पसको वार्षिकोत्सव समारोह सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारीले कुनै पनि संस्थाको भौतिक सुविधा र जनशक्ति जतिसुकै बढाइए पनि त्यहाँ काम गर्ने मानिसहरूको दक्षता र जाँगर नबढाइएसम्म कुनै पनि कार्यक्रम कार्यान्वयनको तहमा विफल हुनसक्ने बताउनु भएको छ ।



**महाराजगंज क्याम्पसको वार्षिकोत्सव समारोहमा सहभागी अतिथिगण ।**
***(तस्वीरः त्रिवि सूचना शाखा)***

उक्त कुरा उहाँले चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगंज क्याम्पसको वार्षिकोत्सवको उपलक्ष्यमा असोज १ गते क्याम्पस प्रांगणमा आयोजित समारोहको उद्घाटन गर्दै बताउनुभएको हो ।

त्यसअघि उहाँले अध्ययन संस्थानको हातामा निर्मित महिला छात्रावास तथा अन्तर्राष्ट्रिय छात्रावास भवनको पनि उद्घाटन गर्नुभएको थियो भने क्याम्पस प्रमुख प्रा.डा. देवनारायण शाहले विद्यार्थीहरूका लागि निर्मित व्यायाम हलको छुट्टाछुट्टै उद्घाटन गर्नुभएको थियो ।

समारोहका प्रमुख अतिथि डीन डा. अधिकारीले समारोहलाई सम्बोधन गर्दै यदि अध्ययन संस्थानलाई साँच्चैकै सुधार गर्ने हो भने शैक्षिक र प्रशासनिक तहमा सुधार गर्नैपर्छ भन्नुभयो ।

त्यसैगरी क्याम्पस प्रमुख प्रा.डा. शाहले सभापतिको आसनबाट बोल्दै नेपालमा संचालित चिकित्सासम्बन्धी शैक्षिक संस्थाहरूमा सबैभन्दा बढी गतिविधि संचालन हुने यस क्याम्पसप्रति सबैले बढी आशा राख्नु स्वाभाविक भएको र तद्नुरुप आफ्नो साधन र स्रोतले भ्याएसम्म क्रियाशील भई दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुभयो ।

समारोहको प्रारम्भमा सहायक क्याम्पस प्रमुख प्रा.डा. भरतमणि पोखरेलले स्वागत मन्तव्य दिंदै क्याम्पसले परम्परागत शिक्षण विधिका साथै परिमार्जित विधिका साथ शिक्षण कार्यलाई अगाडि बढाइरहेको जानकारी दिनुभयो ।

नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डेले शिक्षा र स्वास्थ्यको विकास नै कुनै पनि देशको विकासको मानक हुने भएकोले हामीले यी क्षेत्रहरूलाई गम्भीर भएर अगाडि लाग्नु जरुरी छ भन्नुभयो ।

त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइका सचिव डा. करवीरनाथ योगीले सीटीईभीटीका प्रमाणपत्र धारीलाई यस क्याम्पसको एमबीबीएस तहको पढाइमा प्रवेश दिने सवालमा विरोध गर्न नहुने बताउँदै तर त्यसका लागि एउटा निश्चित आधार बनाइ त्रिविमा मात्र नभइ नेपालका चिकित्सासम्बन्धी सबै शिक्षण संस्थामा उनीहरूले पढ्न पाउनु पर्ने व्यवस्था गर्नुपर्ने नत्र त्रिविमा मात्र यस्तो विद्यार्थी भर्ना लिएमा पछि गएर त्रिविकै शैक्षिक स्तरमा प्रश्न खडा हुनसक्ने विचार व्यक्त गर्नुभयो ।

महाराजगंज क्याम्पस स्ववियु सभापति डा. विदुर ढकालले यस क्याम्पसको छविलाई धमिलिन नदिइ यसलाई आजको चुनौतीपूर्ण विश्वसँग सामना गर्ने स्तरमा पुऱ्याउन सबै पक्षको क्रियाशीलता अपेक्षित रहेको धारणा अघि सार्नुभयो ।

त्यसैगरी त्रिवि कर्मचारी संघ क्याम्पस एकाइका सभापति श्रीमती गंगादेवी मरहट्टाले शुरुमा स्वास्थ्य सहायक जनशक्ति तयार गर्न स्थापना भएको यस क्याम्पसले हाल पोस्ट ग्रेजुएट तहसम्मका जनशक्ति तयार गरिरहेकोमा गौरव महसुस गर्न सकिने बताउनुभयो ।

सोही समारोहमा अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारीले क्याम्पसमा लामो समयदेखि सेवारत शिक्षक र कर्मचारीलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

सम्मानित हुनेमा प्रा.डा. गोपाल आचार्य, प्रा.डा. कुमुदकुमार काफ्ले, लेखा नियन्त्रक रामशरण पाण्डे र सिनियर चौकिदार बलराम भट्टराई हुनुहुन्छ ।

त्यसैगरी क्याम्पस स्ववियु तथा क्याम्पस कर्मचारी एकाइद्वारा आयोजित वार्षिक खेलकुद प्रतियोगिताका विजयीहरूलाई पनि सोही समारोहमा पुरस्कार तथा पदक वितरण गरिएको थियो।

# शुभकामना आदान प्रदान

काठमाडौं । विजयादशमी तथा दीपावली २०६३ को उपलक्ष्यमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक, कर्मचारी तथा विभिन्न निकायहरूले बेग्लाबेग्लै कार्यक्रम आयोजना गरी शुभकामना आदानप्रदान गरेका छन् ।

यसै क्रममा त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले संघका सभापति शिवप्रसाद मुनकर्मीको सभापतित्वमा र संघका पूर्व सभापति प्रा.डा. राममान श्रेष्ठको प्रमुख आतिथ्यमा असोज ४ गते जमलमा एक कार्यक्रम आयोजना गरेको थियो ।

संघका केन्द्रीय कोषाध्यक्ष श्रीमती जया पाठकले स्वागत मन्तव्य दिनुभएको सो कार्यक्रममा त्रिवि सभा सदस्य श्रीमती इरेन श्रेष्ठ, नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा.डा. भूपति ढकालगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।




**त्रिवि प्राध्यापक संघद्वारा विजयादशमीको उपलक्ष्यमा जमलमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमा अतिथिगण ।** *(तस्वीरः त्रिवि सूचना शाखा)*

त्यसै गरी त्रिवि कर्मचारी संघ केन्द्रीय समितिले असोज ५ गते संघको केन्द्रीय कार्यालय घण्टाघरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको थियो।

संघका अध्यक्ष शम्भु भट्टराईको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा त्रिवि केन्द्रीय कार्यालयस्थित विभिन्न शाखा, महाशाखाका प्रमुखहरूका साथै कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

समारोहमा महाशाखा प्रमुखका तर्फबाट समन्वय महाशाखाका प्रमुख एवम् संघका पूर्व अध्यक्ष भोला ढकालका साथै संघका उपाध्यक्ष द्वारिकाप्रसाद बास्कोटा, महासचिव भोजकुमार बस्नेत, कर्मचारी संघ केन्द्रीय कार्यालय एकाइका सभापति अरुण बल्लभ, संघका पूर्व अध्यक्षद्वय परशुराम कोइराला र कुमारप्रसाद हुमागाई, त्रिवि कर्मचारी प्रजातान्त्रिक समूहका अध्यक्ष बलबहादुर थापा र प्रगतिशील समूहका अध्यक्ष कुवेर केसीले शुभकामना मन्तव्य दिनुभएको थियो ।

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा त्रिवि शिक्षण अस्पतालले पनि असोज १२ गते एक जलपान कार्यक्रम आयोजना गरेको थियो ।

चिकित्सा शास्त्र अध्ययन संस्थानमा आबद्ध शिक्षक र कर्मचारीका साथै केन्द्रीय कार्यालयका विभिन्न शाखा, महाशाखाका प्रमुखहरूको सहभागिता रहेको सो कार्यक्रमको प्रारम्भमा अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारी र शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेशप्रसाद खकुरेलले शुभकामना मन्तव्य दिनुभएको थियो ।



**शिक्षण अस्पतालमा आयोजित जलपान कार्यक्रम अघि आयोजित समारोहको दृश्य ।** *(तस्वीरः त्रिवि सूचना शाखा)*




**त्रिवि कर्मचारी संघद्वारा आयोजित शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष शम्भु भट्टराई ।** *(तस्वीरः त्रिवि सूचना शाखा)*

# विद्यावारिधि उपाधि प्रदान



***सनतकुमार बराल***ः त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायले स्नातकोत्तर क्याम्पस विराटनगरका उप प्राध्यापक सनतकुमार बराललाई 'पिण्डेश्वरबाबा धामका पवित्र परम्पराहरू' शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

नेपाली इतिहास,संस्कृति तथा पुरातत्व विषयमा प्रस्तुत सो शोधपत्रमा डा. बराल्ले पिण्डेश्वरका साधु संन्यासीहरूका लागि छुट्याइएको खर्चबाट ७५ जना विद्यार्थीलाई खाना खुवाउने गरी पिण्डेश्वर संस्कृत महाविद्यालय स्थापना भएपछि पिण्डेश्वर क्षेत्रको महत्व पवित्र क्षेत्रको रुपमा मात्र नभएर पूर्वी नेपालको एक प्रसिद्ध शैक्षिक संस्थाको रुपमा पनि कायम भएको र २०३९ पछि यो स्थल बाबाधामका रुपमा समेत परिचित भएको उल्लेख गर्नुभएको छ ।

सुनसरी जिल्लाको धरान नगरअन्तर्गत विजयपुर भन्ने स्थानमा रहेको पिण्डेश्वरधाम नेपालका सम्पन्न धार्मिक स्थलहरूमध्ये एक देखिएको र २००६ सालसम्म ६ हजार विघा जमिन पिण्डेश्वर गुठीको नाममा थियो भने हाल पनि ४ हजार विघा जमिन यसका नाममा रहेको उल्लेख गर्दै उहाँले आफ्नो शोधपत्रमा पिण्डेश्वरको विकाससम्बन्धी एक गुरुयोजना तयार गरी महन्तपरम्परा, शाक्तपूजापरम्परा र समाधिपूजा परम्परालगायत पर्यटकीय स्थलका रुपमा सम्पूर्ण विजयपुर क्षेत्रको भौतिक विकासका लागि सुझाव दिनुभएको छ ।



***कृष्णराज अधिकारी***ःठाकुरराम बहुमुखी क्याम्पसका उपप्राध्यापक कृष्णराज अधिकारीलाई मानविकी तथा सामाजिकशास्त्र संकायले 'नेपालको राजनीतिः र भीमसेन थापा' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

इतिहास विषयअन्तर्गत विद्यावारिधि उपाधि हासिल गर्नुभएका डा. अधिकारीले आफ्नो शोधपत्रमा नेपाल र इस्ट इन्डिया कम्पनीबीच विसं १८७१ देखि १८७३ सम्म भएको युद्धबाट पाठ सिकिसकेको शक्तिसम्पन्न साम्राज्यवादी मुलुक र कम्पनी सरकारको चालबाजी नेपालमा सफल हुन नदिन भीमसेन थापाले गरेका कडा पहरा, नियम, बन्दोबस्त, पुनः सैनिक संगठन र सुधार, प्रशासनिक, सामाजिक, आर्थिक आदि विविध सुधारहरूले गर्दा आज नेपालको सुदृढ बहुपक्षीय एकीकरण भएको उल्लेख गर्नुभएको छ ।

भीमसेन थापाको अभ्युदय तत्कालीन राजनैतिक अस्थिरताले भएको उल्लेख गर्दै उहाँले आफ्नो शोधपत्रमा भीमसेन थापाको शासनकाल शक्ति संग्रह, निर्मम र निरंकुश देखिए पनि अस्थिर राजनैतिक स्थिति एवम गम्भीर, नाजुक तथा भयप्रद समयले ग्रस्त तत्वकालीन राष्ट्रको आवश्यकतानुरुप एक निर्विकल्प व्यक्तित्वका रुपमा उनी नै रहेको तथ्यलाई तत्कालीन अवस्था एवम् इतिहासले देखाएको जनाउनु भएको छ ।



***भवानीप्रसाद पाण्डे***ः मानविकी तथा सामाजिक शास्त्र संकायले भवानीप्रसाद पाण्डेलाई नेपाली विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

पोखरास्थित पृथ्वीनारायण बहुमुखी क्याम्पसका सहप्राध्यापक पाण्डेलाई 'पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद' शीर्षकको शोधपत्रमा उक्त उपाधि प्रदान गरेको छ ।

पारिजात बहुमुखी साहित्यकार भए पनि उनको साहित्यिक लेखनको विशिष्ट विधा उपन्यास देखिएको र २०२० को दशकको प्रारम्भदेखि आफ्नो औपन्यासिक यात्रा शुरु गरेर उनले नेपाली साहित्य जगत्लाई नवीन विषयवस्तु तथा शिल्पद्वारा समृद्ध तुल्याएको डा. पाण्डेले आफ्नो शोधपत्रमा उल्लेख गर्नुभएको छ ।

डा. पाण्डेले शोधपत्रमा २०२२ देखि २०४८ सालसम्म प्रकाशित भएका पारिजातका विभिन्न प्रवृत्तियुक्त १० वटा उपन्यासहरूको प्रवृत्तिगत आधारमा वर्गीकरण गरी विश्लेषण गर्नुभएको छ भने पारिजातका समाजवादी यथार्थवादी उपन्यासहरूमा पाइने समाजवादी यथार्थवाद अनुसारको शिल्प र त्यसले समाजवादी यथार्थवादी भावलाई प्रभावकारी तुल्याउन पुऱ्याएको भूमिकाको विवेचना गर्नुभएको छ ।

# विभिन्न क्याम्पसलाई कार्यक्रम संचालन गर्न स्वीकृति

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निम्न क्याम्पसहरूलाई निम्न तहको कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| क्याम्पसको नाम तथा ठेगाना | संकाय | तह |
|---|---|---|
| ❖ सहिद आदर्श क्याम्पस, भद्रवास, काठमाडौं | शिक्षाशास्त्र | बी.एड तीनवर्षे |
| ❖ इन्द्रेश्वर क्याम्पस, पनौती, काभ्रे | " | " |
| ❖ कन्या बहुमुखी क्याम्पस, पोखरा | " | " |
| ❖ रामराजा (मो.वि.शाह) वहुमुखी क्याम्पस, कलैया, वारा | " | " |
| ❖ आबु खैरनी क्याम्पस, आबु खैरेनी, तनहुँ | " | " |
| ❖ अछाम क्याम्पस, मंगलसेन, अछाम | " | " |
| ❖ एन.आर.कलेज, नेपालटार, बालाजु | " | " |
| ❖ दुर्गा लक्ष्मी बहुमुखी क्याम्पस, अत्तरिया, कैलाली | " | " |
| ❖ महांकाल क्याम्पस, गोटीखेल, ललितपुर | " | " |
| ❖ कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा | " | " |
| ❖ मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती, नवलपरासी | " | " |
| ❖ बाजुरा क्याम्पस, मार्तडी, वाजुरा | " | " |
| ❖ रेन्वो इण्टरनेशनल कलेज, डल्लु, काठमाडौं | " | " |
| ❖ जन जागृती क्याम्पस, कमलामाई १२, सिन्धुली | " | " |
| ❖ रघुनाथ आदर्श बहुमुखी क्याम्पस, बौनिया ६, कैलाली | " | " |
| ❖ पाटन बहुमुखी क्याम्पस, पाटन, वैतडी | " | " |
| ❖ अरनिको कलेज, वाऱ्हविसे, सिन्धुपाल्चोक | " | " |
| ❖ जनता क्याम्पस,वयलपाटा, अछाम | " | " |
| ❖ कन्चन क्याम्पस, कृष्णपुर, कन्चनपुर | " | " |
| ❖ वीरेन्द्र विद्या मन्दिर क्याम्पस, टीकापुर, कैलाली | " | " |
| ❖ एभरेष्ट मल्टिपल कलेज, अतरिया, कैलाली | " | " |
| ❖ बडी मालिका क्याम्पस, नौविस, वाजुरा | " | " |
| ❖ प्रद्युम्न पनेरु बहुमुखी क्याम्पस, सेती दोभान, स्यांगजा | " | " |
| ❖ पंचदे्वल क्याम्पस, विनायक, अछाम | " | " |
| ❖ किटिनी कलेज, गोदावरी, ललितपुर | " | " |
| ❖ बाल जागृति कलेज, महेन्द्रनगर, कन्चनपुर | " | " |
| ❖ सर्वमंगला बहुमुखी क्याम्पस,पांचखाल, काभ्रेपलान्चोक | " | " |
| ❖ सेती क्याम्पस, बगडगाउँ, बझांग | " | " |

| | | |
|---|---|---|
| ❖ आरुंगखोला बहुमुखी क्याम्पस, मंगलचौर, नवलपरासी | शिक्षाशास्त्र | बी.एड तीनवर्षे |
| ❖ तेऱ्हथुम क्याम्पस, चुहानडाँडा, तेऱ्हथुम | ,, | ,, |
| ❖ ब्रिटिश गोर्खा कलेज, बाँसवारी | मा.वि.शा.स. | ,, |
| ❖ विश्वशान्ति क्याम्पस, महाराजगंज, बाँसवारी, काठमाडौं | मा.वि.शा.स. | ,, |
| ❖ रेन्वो इण्टरनेशल कलेज, डल्लु, काठमाडौं | मा.वि.शा.स. | ,, |
| ❖ सान्त्वना मेमोरियल बहुमुखी क्याम्पस, शान्तिनगर, काठमाडौं | ,, | ,, |
| ❖ जेभिएर इण्टरनेशनल कलेज, कमलपोखरी, काठमाडौं | व्यवस्थापन | बी.बी.एस |
| ❖ सनसाइन कलेज, सिद्धार्थनगर, रुपन्देही | व्यवस्थापन | बी.बी.एस |
| ❖ गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोट, दोलखा | व्यवस्थापन | बी.बी.एस |
| ❖ राजविराज मोडल क्याम्पस, राजविराज, सप्तरी | व्यवस्थापन | बी.बी.एस |
| ❖ राप्ती बबई क्याम्पस, तुलसीपुर, दांग | व्यवस्थापन | बी.बी.एस |
| ❖ जे.एस,मुरारका बहुमुखी क्याम्पस, लहान, सिरहा | व्यवस्थापन | बी.बी.एस |
| ❖ सिद्धार्थ कलेज अफ म्यानेजमेण्ट, दमक, झापा | ,, | ,, |
| ❖ देउखुरी बहुमुखी क्याम्पस, लमही, दांग | ,, | ,, |
| ❖ अक्सफोर्ड कलेज, बुटवल, रुपन्देही | ,, | ,, |
| ❖ मणिमुकुन्द क्याम्पस, बुटलव, रुपन्देही | ,, | ,, |
| ❖ मिलिनियम क्याम्पस, वनेपा, काभ्रे | ,, | ,, |
| ❖ एम्स कलेज, बुटवल, रुपन्देही | ,, | ,, |
| ❖ फर्साटिकर यज्ञोदय बहुमुखी क्याम्पस, रुपन्देही | ,, | ,, |
| ❖ मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती, नवलपरासी | ,, | ,, |
| ❖ विराटनगर सिटि कलेज, विराटनगर | ,, | ,, |
| ❖ वीरेन्द्र विद्या मन्दिर क्याम्पस, टीकापुर, कैलाली | ,, | ,, |
| ❖ नव आदर्श बहुमुखी क्याम्पस, देउराली १, पाल्पा | ,, | ,, |
| ❖ जनज्योति बहुमुखी क्याम्पस, रौतहट | ,, | ,, |
| ❖ श्री नीलकण्ठ क्याम्पस, धादिंग | ,, | ,, |
| ❖ बाल जागृति कलेज, महेन्द्रनगर, कन्चनपुर | ,, | ,, |
| ❖ महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी | ,, | ,, |
| ❖ वरुण बहुमुखी क्याम्पस, खांदवारी, संखुवासभा | ,, | ,, |
| ❖ सर्वमंगला बहुमुखी क्याम्पस, पांचखाल, काभ्रेपलाञ्चोक | ,, | ,, |
| ❖ उमा बडी आदर्श शेरचन कलेज, दिव्यनगर, चितवन | ,, | ,, |
| ❖ म्याग्दी बहुमुखी क्याम्पस, म्याग्दी | ,, | ,, |
| ❖ कस्तुरी कलेज अफ म्यानेजमेण्ट,इटहरी -८,सुनसरी | ,, | ,, |
| ❖ आरुंगखोला बहुमुखी क्याम्पस,मंगलचौर,नवलपरासी | ,, | ,, |

# चिकित्साका शिक्षक, कर्मचारीहरूको सम्मान

काठमाडौं । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानको ३५ औं वार्षिक दिवसको उपलक्ष्यमा संस्थानमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई असोज ६ गते एक समारोहको बीच सम्मान गरियो ।

गुणस्तर राम्रो बनाउनका लागि प्रमुख कुरा पठनपाठन नै राम्रो हुनुपर्छ भन्नुभयो ।

त्रिविका एक दुईवटा विभागबाट हुने उत्पादनलाई हेरेर मात्र त्रिविको गुणस्तर खस्केको कुरा गर्न नहुने बताउदै उहाँले त्रिविकै चिकित्साशास्त्र जस्ता प्रक्रिया रहेकोले प्रशासनिक दबावबाट नभई त्यसलाई प्राज्ञिक तवरमै गर्न दिइनु पर्छ भन्नुभयो ।

समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिंदै सहायक डीन प्रा.डा. त्रिलोकपति थापाले अध्ययन संस्थानमा



**चिकित्साशास्त्र अध्ययन संस्थानको वार्षिक दिवसको उपलक्ष्यमा शिक्षक तथा कर्मचारीलाई सम्मान गरिदैं ।**
***(तस्वीर:त्रिवि सूचना शाखा)***

समारोहका प्रमुख अतिथि विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष एवम् त्रिविका पूर्व उपकुलपति प्रा.डा. कमलकृष्ण जोशीले उहाँहरूलाई नगद पुरस्कार, प्रशंसापत्र र कदरपत्र प्रदान गर्नुभएको थियो ।

यसअघि प्रा.डा. जोशीले सो समारोहको उद्घाटन गर्नुका साथै वार्षिक दिवसको उपलक्ष्यमा संस्थानद्वारा प्रकाशित वार्षिक प्रतिवेदन विमोचन गर्नुभएको थियो ।

सो समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि जोशीले कुनै शैक्षिक संस्थाको अध्ययन संस्थानको गतिविधि र उत्पादनलाई हेर्ने हो भने यसको गुणस्तरको तुलना विदेशी विश्वविद्यालयसँग गर्न सकिन्छ भन्नुभयो ।

सभापतिको आसनबाट अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारीले अध्ययन संस्थानमा अध्ययनका लागि भर्ना हुन चाहनेको चाप निक्कै बढेपछि सो भर्नाका लागि तालिम दिने संस्थाहरू त्रिवि बाहिर धेरै खुलेको र तिनीहरूले आफ्नो अनुकूलको नीति बनाउन अध्ययन संस्थानलाई दबाव दिने गरेको बताउँदै नीति परिवर्तन जस्तो निर्णय गर्न त्रिविको आफ्नै वर्षभरि भएका विभिन्न निर्माणका साथै गतिविधिबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्ने क्रममा अर्का सहायक डीन प्रा. भरत झाले अध्ययन संस्थानमा एमबीबीएस तहको पढाइको स्तर कायम राख्न त्यसको पाठ्यक्रम आफ्नै ढंगको रहनुका साथै सो तहमा अध्ययन गर्नका लागि विद्यार्थीको उमेर २५ वर्ष भन्दा कम हुनुपर्ने आधार किटान भएकोमा त्यसलाई बाहिरी संस्थाहरूले चुनौती दिने काम भइरहनु आपत्तिजनक रहेको बताउनुभयो ।


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |

**प्रापक :**